**मितिः २०८०/१२/०७**

**आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटमा बालबालिकाका सवाललाई सम्बोधन गर्न सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको प्रेश विज्ञप्ती ।**

यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको स्थापना सामाजिक सुरक्षा सम्बन्धी विविध सवालहरुमा वकालत तथा पैरवी गर्नका निम्ति स्थापना भएको नागरिक सञ्जाल हो । हाल यस सञ्जालमा १९ वटा राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरु आवद्ध भई सामाजिक सुरक्षा सम्बन्धी नीति तथा ऐन निर्माण र कार्यान्वयनमा नेपाल सरकारसँग हातेमालो गर्दै आएको छ । साथै यस क्षेत्रको जवाफदेहिता र आर्थिक पारदर्शिता अभिवृद्धि गर्न पहलकदमी गर्दै आईरहेको छ। गरिबी र जोखिमता निरुपण गर्न सामाजिक सुरक्षाका व्यवस्थाहरु निकै नै फलदायी रहेका उदाहरणहरु विश्वमा भेटिन्छन् ।

उपयुक्त सम्बन्धमा आगामी आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियाको अन्तिम अवस्थामा पुग्न लागेको सन्दर्भमा निम्नानुसारको बुँदाहरू समेटेर नीति तथा कार्यक्रम र बजेटमा बालबालिका तथा समग्र एकीकृत सामाजिक सुरक्षा ढाँचाको कार्यान्वयनलाई विशेष जोड दिदै तपासिल बमोजिमका विषयलाई सशक्त रूपमा आगामी आर्थिक वर्षको नीति तथा कायक्रममा समावेश गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

१) नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल भरिका दलित परिवारका र मानव गरिबी सूचाङ्कमा पछाडि परेका २५ वटा जिल्लाहरू मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, दैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा र बैतडी जिल्लाका गरी जम्मा २५ जिल्लाहरुका र दलित समुदायका देशभरका ५ वर्ष उमेर पूरा नगरेका एक आमाबाट जन्मिएका बढिमा दुई बालबालिकालाई हाल प्रदान गरिंदै आएको रु.५३२।- प्रति महिना वितरण हुँदै आएको बालपोषण भत्ता ७७ वटै जिल्लामा विस्तार गरी हाल प्रदान गरिरहेको रकमलाई वृद्धि गरी कम्तिमा १०००।- (एक हजार) पुऱ्याउंने गरी आगामी नीति तथा कार्यक्रममा व्यवस्था गरिनुपर्ने ।

२) नेपाल सरकारले कक्षा ५ सम्म प्रति विद्यार्थी रु. १५।- (पन्ध्र रुपैयाँ) का दरले ६ वटा प्रदेशमा र कर्णालीमा रु. २० (बीस रुपैयाँ) का दरले प्रदान गर्दै आईरहेकोमा उक्त रकमले पोषणयुक्त खाना खुवाउन गाऱ्हो भएको परिवेशमा रकम वृद्धि सहित माध्यमिक तहसम्मको लागि व्यवस्थापन गरिनुपर्ने । हाल प्रदान गरिएको विद्यालय खाजा कार्यक्रम सबै विद्यार्थीका लागि गर्न नसक्दा बालबालिका बिचमा नै विभेदकारी अवस्था सिर्जना हुने भएका कारण यसमा वृद्धि हुनु जरुरी छ ।

३) बालबालिका राष्ट्रिय गौरव हुन्, बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्, बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, युवामैत्री स्थानीय शासन, बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह जस्ता अभियानहरुलाई स्रोत साधन सहित अभियानको रुपमा सञ्चालन गर्ने विषय नीति, कार्यक्रम र बजेटमानै उल्लेख गर्नुपर्ने ।

४) बालबालिका सम्बन्धी ऐन, २०७५ समय सापेक्ष संसोधन गर्नुपर्ने,

५) बालविवाह अन्त्यसम्बन्धी रणनीति, २०७२, बालमैत्री स्थानीय शासन रणनीति २०६८ संघीय प्रणाली बमोजिम नभएको र अन्तरिम संविधान २०६३ बमोजिम तयार गरिएको हुँदा यसको समय सापेक्ष नयाँ रणनीतिको मस्यौदालाई छलफल गरी मन्त्रिपरिषद्वाट नै जारी गरी कार्यान्वयनमा ल्याएर दिगो विकास लक्ष्यले राखेको सोच अनुसार २०३०

सम्ममा बालविवाह मुक्त र बालमैत्री देश घोषण गर्ने लक्ष्यमा पुग्नु पर्ने गरी नीतिगत र कार्यक्रमिक व्यवस्था गर्नुपर्ने,

६) अनलाईन बाल सुरक्षा कार्यविधि सरोकारवालाहरुसँग बृहत छलफल गरी पारित गर्नुपर्ने ।

७) अभिभावक विहीन विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गरी बालबालिकामाथि लगानी अभिवृद्धि गर्नुपर्ने,

८) बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाईन नम्बर १०९८ नेपाल सेवाको सवलीकरण र विस्तार गर्नुपर्ने,

९) सडक बालबालिका मुक्त नेपाल घोषणा गर्नका निम्ति निरन्तर स्रोत साधन सहित सडक बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरिनूपर्ने ।

१०) अनाधिकृत रुपमा वैकल्पिक स्याहारमा राखिएका बालबालिकाको उद्धार, संरक्षण र पारिवारिक पुनर्मिलन गर्दै निसंस्थाकरण सम्बन्धी कानुनी व्यवस्थाको अवलम्बन गरिनु पर्ने,

११) ७५३ स्थानीय तहमा स्रोत साधन र नियमावलीले तोकेको काम कर्तव्य र अधिकार सहित लोकसेवाको प्रक्रियाबाट बालबालिका सम्बन्धी ऐन अनुरुप बाल कल्याण अधिकारी (ऐनको दफा ६१) नियुक्ति गर्नुपर्ने ।

१२) सबै स्थानीय तहमा बाल कोष, स्थानीय बाल अधिकार समिति, बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि, बालमनोविज्ञ र समाजसेवीको व्यवस्था गरी उनीहरुको क्षमता अभिवृद्धि गरी बाल संरक्षण प्रणालीको सुदृढीकरण गरिनु पर्ने ।

१३) बाल सुधार गृहमा देखिएका समस्याको तत्काल सम्बोधन गर्नुपर्ने, बाल सुधार गृहको क्षमता अनुसार बालबालिकालाई राखिनु पर्ने,

१४) अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने,

१५) ७७ जिल्लामा बालबालिकाको हक र अधिकारको विषयमा जिल्ला समन्वय इकाइ स्थापना गरी बाल अधिकार अधिकारीको व्यवस्था गरिनुपर्ने ।

१६) बाल सहभागिता अभिवृद्धि गर्दै बालक्लबको संस्थागत विकास, नीति निर्माण प्रक्रियामा बाल भेला मार्फत अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनु पर्ने ।

१७) "बालबालिकाको लागि लगानी : ल्याउँछ सुनौलो बिहानी" भन्ने अभियान सहित बालबालिकालाई राष्ट्रिय गौरवको रुपमा स्थापित गरिनुपर्ने ।

१८) सबै विद्यालय (सरकारी, सामुदायिक, निजी, धार्मिक तथा संस्थागत)मा विद्यालय नर्सको व्यवस्था गरिनु पर्ने ( हालसम्म बागमती प्रदेश लगायतका विद्यालयहरूमा करिब ११ सय जना विद्यालय नर्स कार्यरत रहेको भए तापनि धेरै विद्यालयमा विद्यालय नर्सको व्यवस्था नरहेको अवस्था) ।

१९) बालबालिका सम्बन्धी विशिष्टीकृत ऐनद्वारा स्थापित भएको नेपाल सरकारको बालबालिकाका निम्ति विशिष्टीकृत निकायको रुपमा रहेको राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार

समितिहरुलाई स्रोत साधन सम्पन्न बनाउदै सङ्गठन र व्यवस्थापन सर्वेक्षण स्थाई कर्मचारीको व्यवस्थापन गरिनुपर्ने । म्पन्न बनाउने,

२०) बुवाआमको पहिचान हुन नसकेका बैकल्पिक हेरचाहमा हुर्केका बालबालिका र युवाहरुले जन्मदर्ता, नागरिकता, बैंक खाता तथा डिम्याट खाता सञ्चालन गर्न प्रस्ट नीतिगत सम्बोधन गर्नु पर्ने, कसैलाई पनि गैर नागरिक बनाउन नहुने,

२१) राष्ट्रिय युवा परिषद तथा युवा स्वरोजगार कोष अन्तर्गतका कार्यक्रमहरुले बैकल्पिक स्याहारमा हुर्केका युवा लक्षित विशेष कार्यक्रम सीपमूलक तालिम तथा स्वरोजगार प्रोत्साहन गर्न लगानीको सुरुआत गर्नु पर्ने,

२२) बैकल्पिक स्याहारमा रहेका बालबालिकाका लागि नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रममा निःशुल्क बीमाको सुविधा प्रदान गर्नु पर्ने,

२३) बैकल्पिक स्याहारमा रहेका बालबालिकाका लागि उच्चशिक्षा तथा विश्वविद्यालय तहसम्म निःशुल्क शिक्षाको व्यवस्था र प्राविधिक शिक्षामा निश्चित आरक्षण सुनिश्चित गर्नु पर्ने,

२४) बैकल्पिक स्याहारमा हुर्कने बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १८ वर्षको उमेरसम्म नियमित मासिक बृत्तिको व्यवस्था गर्नुपर्ने,

२४) बाल अधिकार संरक्षण प्रवर्द्धनमा अभिभावकलाई थप जिम्मेवार बनाउन अभिभावक शिक्षा सञ्चालन गरिनुपर्ने,

२५) बालबालिकाको लागि बाल बजेट कोडको व्यवस्था गरिनुपर्ने ।

२६) मानव बेचबिखन, बालविवाहबाट पीडित तथा प्रभावितहरुका लागि पारिवारिक पुर्नमिलन, शिक्षा, स्वास्थ्य, रोजगारीका व्यवस्था सुनिश्चित गरिनु पर्ने,

२७) अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिहरुको अधिकार सुनुश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गरिनु पर्ने,

सहयोग र पहलकदमीको अपेक्षा सहित धन्यवाद ।

**तिलोत्तम पौडेल**
**अध्यक्ष**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल